# एघारौँ गाउँ सभामा प्रस्तुत

# आर्थिक वर्ष २०७८/०७९

# वजेट तथा कार्यक्रम

## धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## मुना, म्याग्दी

## २०७८/०३/०९

**गाउँसभाका माननीय सभाध्यक्ष ज्यु,**
**गाउँसभाका सदस्य ज्युहरु,**

१) धवलागिरी गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गरिरहंदा म गौरवान्वित भएको छु । विभिन्न राजनैतिक आरोह अवरोह पार गरेर अहिले हामी समृद्धि र समुन्नतिको यात्रामा अगाडि बढिरहेका छौ । राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता, सम्वृद्धि, संघीय शासन प्रणाली स्थापित गर्न, मुलुकमा जनताको सत्ता ल्याउनका लागि विभिन्न समयमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने विर सहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली व्यक्त गर्दछु ।
यस महत्वपुर्ण अवसरमा, देशमा भएका विभिन्न आन्दोलनमा निरन्तर लागिरहने योद्धाहरुप्रति सम्मानका साथै मुलुकको राजनीतिक,आर्थिक एवम् सामाजिक सबलिकरणका लागि नेतृत्वदायी भुमिका खेल्नुहुने राजनैतिक शिखर व्यक्तित्व, अग्रज नेताहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।
२) नेपालमा दशकौंको संघर्ष र वलिदान पछि नेपाली जनताले आफैँले चुनेका प्रतिनिधिहरुबाट संविधान निर्माण गरी आँफुले चाहेको शासन र विकासमा सहभागी हुने अवसर मिलेको छ । नागरीकले देख्न सक्ने, छुन सक्ने, अनुभव गर्न सक्ने, सजिलै भेट्न सक्ने पहुँचमा रहेको स्थानीय सरकार भएको हुँदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्न सकिएको छ । नागरिकहरुको दुःख र सुखमा साथ दिने साथी र सारथी वन्न सकेका छन स्थानीय सरकार । स्थानीय श्रोत र साधनको पहिचान गरी अधिकतम उपयोग गर्दै नागरिकका आवश्यकतालाई सम्वोधन गर्ने माध्यम बनेका छन स्थानीय सरकार । मानव जिवनमा गर्व देखि मृत्यु संस्कार सम्मको जिवनयापनमा सहयात्री बनेर नागरिकहरुलाई सहयोग गरी रहेका छन र नागरिकलाई आइपरेका समस्या विसाउने र समाधानका उपायहरु खोजी गर्ने माध्यम वनेका छन स्थानीय सरकार ।
३) महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रकोपले गर्दा सवै क्षेत्रमा गम्भिर असर परी एकै पटक मानवीय तथा आर्थिक संकट झेल्नु परेको छ । मानव स्वास्थ्यमा आएको यस महासंकटले गर्दा उत्पादन, रोजगारी, व्यापार व्यवशाय ठप्प हुन गएको हुँदा राजश्व असुलीमा गम्भिर असर परेको छ ।
४) राज्यको शासकीय स्वरुप तीन तहमा पुर्नसंरचना गरी तीन तहका सरकारले सहशासन र स्वशासनको अवधारणा अनुसार स्रोत साधनको प्रवन्ध गरी विकासका कार्यक्रमहरु अगाडी बढीरहेका छन । स्थानीय सरकारका वजेटका स्रोतहरु मुलत संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान रकम र प्रादेशिक सरकारबाट प्राप्त यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो । आफ्नै स्रोतको

राजश्व र गैर कर राजश्वको हिस्सा हाम्रो वजेटमा न्युन रहेको छ। स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सशर्त अनुदानको हिस्सा बढी भएको अवस्थामा स्थानीय विशिष्ट समस्याहरु समाधान गर्न कठिन रहेको परिपेक्षमा सवै क्षेत्रमा समुचित एवं समन्यायीक हिसावले सम्वोधन गर्न सकिएको अवगत गराउदछु।

५) तथापि गाउँपालिकाको संचित कोषलाई स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित भई प्रयोग भएकोले हामीले सोचे अनुसारको उपलब्धीहरु हाँसिल भएका छन् धवलागिरीलाई एक साझा भुगोलको रुपमा लिई नागरिकहरुलाई भएका कठिनाई, परेका समस्यालाई केन्द्रमा राखि सवै घर, वस्ती, टोल र वडालाई सिक्रिवद्ध गरी समग्र धवलागिरीको विकास गर्ने सोचले वजेटको कार्यान्वयन गर्ने गरिएको हुँदा असमानता कम हुँदै गएको छ। आधारभुत तहका नागरिकहरुमा विकासका कार्यक्रम पुग्न सकेका छन। सेवाप्रवाह छिटो र सहज भएका छन, आयआर्जन, उद्यम विकास, स्वरोजगार र रोजगारीका अवसरहरु वृद्धि भई नागरिकको दैनिक जिवनयापनमा सहयोग पुगेको छ। समावेशी विकास, समन्यायीक विकासको प्रतिफल सवै नागरिकहरुले उपयोग गर्ने अवसर मिलेको छ। लक्षित समुदाय जेष्ठनागरीक, वालवालिका, महिला, अपांगता भएका व्यक्ति र अल्पसंख्यक समुदायको आत्मसम्मान, आर्थिक विकास, सीप विकासको क्षेत्रमा सहयोग पुगेको छ। दीगो विकास लक्ष्य, नेपालको पन्ध्रौ पञ्चवर्षिय योजना, गाउँपालिकाको गुरुयोजनाले तय गरेका सोच र उपलब्धी हाँसिल गर्ने तर्फ गाउँपालिका क्रियाकलापहरु अगाडी बढेका छन।

६) कोरोना भाइरस (कोभिड १९) को महामारीलाई नियन्त्रण, रोकथाम र उपचार गरी गाउँपालिका वासीहरुको जिवन रक्षाका लागि गाउँ कार्यपालिका अनवरत रुपमा क्रियाशिल भै कार्य गरिरहेको छ। नागरिकहरुमा सचेतना, न्युनतम आधारभुत खाद्यवस्तुको उपलब्धता, क्वारेन्टाइनको व्यवस्था गरी जोखिमको न्युनिकरण, राहात कोषको शुभारम्भ गरी विपन्न तथा आर्थि संकट भएका परिवारको खाद्यसुरक्षा, स्वदेश तथा देश वाहिरबाट आउने व्यक्तिहरुको वसाई, उपचार तथा यातायात व्यवस्थापनले धवलागिरीवासीहरुमा कोरोना भाइरसको जोखिम न्युन भएको छ।

७) हामि सार्वभौम जनतावाट निर्वाचित भएर आएको ४ वर्ष पुरा भएको छ। हामी निर्वाचित भएर स्थानीय सरकार सञ्चालन गर्न आउदैं गर्दा गाउँपालिकको पुर्वाधार, सडक यातायात, विद्युतीकरण, खानेपानीको सुविधा, सिंचाई, विद्यालयको भौतिक तथा संस्थागत अवस्था, स्वास्थ्य चौकीहरुको व्यवस्थापन र भवनको अवस्था, कृषि तथा पशुपालन, कार्यालयको भौतिक तथा संस्थागत विकास लगायत अन्य क्षेत्रको

यथार्थ अवस्थाको स्मरण गरी ४ वर्षको अवधीमा हरेक क्षेत्रमा आएको परिवर्तनलाई समिक्षा गरौँ तव मात्र हामीमा खुसी र थप काम गर्ने उर्जा मिल्ने छ ।

**८)** गाउँ कार्यपालिकाले पहिलो वर्षबाट अगाडी सारिएका दिर्घकालिन सोच र योजनाहरु क्रमस कार्यान्वयन हुदैँ गएका छन । मुदी- खिवाङ, खाम्ला- खिवाङ, लुलाङमा सडको ट्र्याक खोल्ने कार्य निर्माणाधिन अवस्थामा छ । म्याग्दी खोला, मराङ खोलामा मोटरेवल पुल निर्माण भईरहेका छन् । खानेपानीको समस्या रहेको मुदीको नाउरा, बगर, खाम्ला र लुलाङमा एक घर एक घारा सहितका खानेपानी योजनाहरु कार्यान्वयन भएका छन । मुख्य मुख्य लिंक रोडहरु ट्र्याक खोल्ने काम पुरा भएको छ । ५ वटा नयाँ वस्तीमा सडक पुगेको छ । यसरी १० किलो मिटर नयाँ ट्र्याक खोलिएको, ४५ कि.मि. सडक चौडा गरिएको, ५ कि.मि ग्याविन भरी सडक स्तरवृद्धि गरिएको छ ।

**९)** जोखिम र समस्याको रुपमा काठेपोल मार्फत बिद्युतीकरण भएको थियो चालु आ.व.मा नै स्टिल पोलमा रुपान्तरण गरिएको छ । ३०० मिटर सिंचाई कुलो आरसीसी, ३०० मिटर मुल पाईपलाईद्वारा १० हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको छ । ४५०० मिटर पुल पाईप लाइन र ६००० मिटर शाखा लाईन विस्तार गरी ५४१ घरपरिवारलाई खानेपानी सुविधा विस्तार भएको छ । ५००० मिटर पदमार्ग तथा गोरेटो बाटो निर्माण, २ वटा सामुदायिक भवन, २ वटा सांस्कृतिक पुर्वाधार, ५ वटा झोलुङ्गे पुल निर्माण, ४ वटा विद्यालय भवन निर्माण भईसकेको छ । अन्य विद्यालयमा १२ वटा अन्य पुर्वाधार निर्माण भएका छन् ।

**१०)** विरुवा हाम्रो उत्पादन तपाईको अभियानमा एवोगाड, किवी, स्याउ, सुन्तला र कागति लगाएतका ७ हजार ४ सय विरुवा रोपण भएको छ । मराङमा २० वटा प्लास्टिक टनेल निर्माण साथै ताकममा १० वटा हातेट्र्यक्टर वितरण भएका छन् ।

**११)** दिगो भौतिक विकासलाई जोड दिदै सबै वस्ती, वडा र अन्तर पालिका तथा जिल्ला जोड्ने सडक सञ्जालको विकास हुँदैछ । सडकलाई व्यावसायिक र पर्यावरणीय बनाउन जोड दिइएको छ । **कृषि, पर्यटन, पुर्वाधार र रोजगार : सुन्दर धवलागिरी निर्माणको आधार** हाम्रो दिर्घकालिन सोच पूर्ण हुँदैछ । समग्रमा समृद्ध धवलागिरी सुःखी धवलागिरीवासी हुदैँ समृद्ध नेपाल सुःखी नेपालीको राष्ट्रिय लक्ष्य पुरा हुने गरी हाम्रा योजनाहरु कार्यान्वयन भई रहेका छन ।

## लेखापरीक्षण प्रतिवेदनः-

**१३)** आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम तय गर्दा मैले चालु वर्ष सम्म प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै, पहिलो वर्ष देखि अगाडि सारेको दिर्घकालिन सोच, गाउँपालिकाका गौरवका योजनाको कार्यान्वयनलाई जोड दिएको छु । नागरिकका दैनिक आधारभुत आवश्यकता संवोधन

गर्ने, नागरिकका सामाजिक तथा आर्थिक हित संवर्द्धन गर्ने, समावेशी तथा समन्यायिक विकास अगाडि बढाउने तथा दीगो विकासलाई आत्मसाथ गर्ने प्रवन्ध मिलाएको छु । हरित विकासको अवधारणालाई केन्द्रमा राखेर वजेट तथा कार्यक्रमका सबै अवयवहरु अगाडि बढेका छन् । कोरोना भाइरसको महामारीले ल्याएको असहज परिस्थितीको सामना गर्ने क्रियाकलापलाई महत्वमा राखिएको छ ।

**१४)** गाउँपालिकाको गत आर्थिक वर्ष २०७६/०७७ को आर्थिक श्रेस्था यस गाउँपालिकामा रहेको आ.ले.प शाखाबाट आन्तरिक लेखा परिक्षण र महालेखा परिक्षणको कार्यालयबाट अन्तिम लेखा परिक्षण भई प्रतिवेदन प्राप्त भएको छ । वेरुजु देखिएका योजना फरफारक गरी फर्छौट हुने क्रममा रहेको छ । म.ले.प. बाट प्रारम्भिक रुपमा औल्याईएका वेरुजुको प्रतिक्रिया समेत समयमा नै पठाई सकिएको छ । बाँकी रहेको वेरुजु फर्छौटका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । गत आ.व.मा देखिएका नीतिगत वेरुजुलाई चालु आ.व.मा नदोहोरिने गरी कार्यान्वयन गरिएको छ ।

## सभाध्यक्ष महोदय,

अब म चालु आ.व. २०७७/०७८ को शंसोधित कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

**क) आम्दानी तर्फ**

| शिर्षक | अनुमानित बजेट | शंसोधित वजेट |
|---|---|---|
| वित्तिय समानीकरण तर्फ संघीय सरकार | ७,४९,००,०००.०० | ७,४९,०००००.०० |
| ससर्त चालु अनुदान संघीय सरकार | १५,६८,००,०००.०० | १८,२५,२२,०८०.०० |
| राजश्व बाँडफाँड संघीय सरकार | ८,२१,६३,५८०.०० | ८,२१,६३,५८०.०० |
| समपुरक अनुदान संघीय सरकार | १,००,००,०००.०० | १,००,००,०००.०० |
| आन्तरिक राजश्वबाट | २६,००,०००.०० | २६,००,०००.०० |
| गत बर्षको मौजदात | ५,७३,९९,४९०.०० | ५,७३,९९,४९०.०० |
| प्रदेश समानीकरण गण्डकी प्रदेश | १,२२,३३,०००.०० | १,२२,३३,०००.०० |
| राजश्व बाँडफाँड गण्डकी प्रदेश | २१,३६,०००.०० | २१,३६,०००.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ५१,७०,०००.०० | १,२३,५७,०००.०० |
| गरिवसंग विशेश्वर कार्यक्रम | ५,४६,०००.०० | ५,४६,०००.०० |
| स्थानीय पुर्वाधार साझेदारी कार्यक्रम | ६६,१२,२५०.०० | ६६,१२,२५०.०० |

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व.को २०७७ जेष्ठ मसान्तसम्मको समिक्षा प्रस्तुत गर्दछु ।

चालु आ.व.को जेष्ठ मसान्तसम्म संघीय सरकारबाट प्राप्त वित्तिय समानीकरण रु. ७,४९,०००००.०० को (५३.८३ प्रतिशत), राजश्व बाँडफाँड रु. ८,२१,६३,५८०.०० को (४६.६७ प्रतिशत), सर्शत चालु अनुदान रु. १८,२५,२२,०८०.०० (४७.५८ प्रतिशत), गरिवसँग विशेश्वर कार्यक्रम र स्थानीय पुर्वाधार साझेदारी कार्यक्रमको गरी २५ प्रतिशत खर्च भएको छ । कोभिड १९ को महामारी र सरकारले लगाएको लकडाउनका कारण लक्ष्य अनुसारको राजश्व असुली कम हुने देखिन्छ ।

चालु आ. व. को अन्त्य सम्ममा चालु तर्फ विनियोजित कुल बजेट २६८४५९२०३/- मध्ये रु २६०१०५२९८/- (२६ करोड १ लाख ५ हजार २ सय ९८) खर्च भइ रु **८३५३९०५** मौज्दात रहने साथ{ पुँजिगत तर्फ रु.१५९०८०८९२।–(पन्ध्र करोड नब्बे लाख) मध्ये रु.१५२०८८९७७।- खर्च भइ **६९९१९१५** मौज्दात रहने देखिन्छ । चालु र पुजीगत तर्फ गरी चालु आ. व.मा रु १६४९५८२० खर्च नभइ मौज्दात १५३४५८२०।- रहने देखिन्छ ।

**आगामी बर्षको वजेटका उद्देश्यहरुः-**

**१५)** सुःखी, खुःसी तथा आफ्नो अधिकार प्रति सचेत र आफ्नो कर्तव्य प्रति जागरुक नागरिक तयार गर्ने । विकासबाट प्राप्त लाभहरुको समन्यायिक वितरण मार्फत सामाजिक न्याय सुनिश्चिता भएको गाउँपालिका निर्माण गर्ने ।

**१६)** पुर्वाधारको निर्माण गरी गाउँपालिका लाई समुन्नत, सुदृढ, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने ।

**१७)** नागरिकका आधारभुत आवश्यकता परिपुर्ति गर्दै जीवनस्तर सुधार गर्ने । उद्धमशील तथा व्यावसायी नागरिकको सिर्जना गर्दै पुँजी निर्माण गरी गाउँपालिकाको आर्थिक बृद्धि गर्ने ।

**१८)** गाउँपालिकालाई कृषि र शिक्षाको केन्द्रका रुपमा विकास गर्दै दुध, मासु, फलफुल, तरकारी र खाद्यान्नमा आम्मनिर्भर बनाउदै हरेक नागरिकलाई स्वरोजगार बनाउने ।

**१९)** साधन, स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी द्रुत आर्थिक तथा मानविय विकास गर्ने ।

**सभाध्यक्ष महोदय,**

**२०)** नेपाल धर्मनिरपक्ष राष्ट्र भएर अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिवद्धता तथा अभिसन्धीहरु, दीगो विकास लक्ष्य, विकासशील मुलुकमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य, नेपालको संविधानमा निर्दिष्ट मौलिक हक तथा नागरिक कर्तव्य, संविधानले विन्यास गरेको स्थानीय सरकारको अधिकार क्षेत्र, नेपालको पन्ध्रौ योजनाले तोकेका प्राथमिकताहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आगामी आर्थकि वर्षका लागि संघीय सरकारको नीति तथा कार्यक्रम र बजेट, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट, स्थानीय नागरिकको नीति तथा कार्यक्रम र वजेट, स्थानीय नागरिकको माग, चाहाना तथा आवश्यकता, वस्ती, टोल, वडा, विषयगत समितिमा भएका छलफल र प्राथमिकता, विज्ञहरुको सुझाव, गाउँ कार्यपालिकामा भएको साधन स्रोतको उपलब्धता तथा यस गाउँ कार्यापलिकाको आ.व.२०७७।०७८ को पारित निती तथा कार्यक्रमलाई प्रमुख आधार मानी आगामी आर्थिक बर्षको बजेट निर्माण गरेको छु ।

**२१)** नेपालका नयाँ गाउँपालिका मध्ये धवलागिरी गाउँपालिका पनि एक हो । धवलागिरीको सर्वाङ्गिण विकासका लागि विद्यमान चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छु ।

- कोरोना भाइरस (कोभिड १९) को महामारीले पारेको असर
- भौगोलिक विषमता, जोखिमपुर्ण स्थानको बाहुल्यता
- जनसंख्यिक लाभको पुर्ण उपयोग
- नागरिक उत्तरदायित्व तथा जिम्मेवारी अभिवृद्धि
- युवाहरुको स्वदेश आगमन र वेरोजगारी
- सबै शासकीय साझेदारहरुको सामाजिक उत्तरदायित्व सिर्जना
- समग्र शासन प्रकृयामा सुशासन कायम गरी पुर्ण नागरिक सन्तुष्टि प्रदान

**२२)** प्रस्तुत चुनौतिहरुको बावजुत पनि निम्न सवल पक्षहरुको विद्यमानताले यी चुनौतिहरुको न्युनीकरणमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- जस्तोसुकै महामारी र संकटमा पनि गाउँपालिकावासीले आत्मवल र धैर्यता
- भौगोलिक तथा सामाजिक विविधता
- गाउँपालिकाको सर्वाङ्गिड विकासमा नागरिकको चासो

- योजनावद्ध तथा दिगो विकासको आधारशिला तथा मार्गचित्र
- राजनैतिक सहमतिजन्य संस्कारको विकास
- वैदेशिक रोजगारबाट प्राप्त नविनतम ज्ञान, सीप, प्रविधि तथा प्रवृतिको समाज विकासमा उपयोग,
- सामाजिक ऐक्यवद्धता, भाइचारा एवं सद्भाव
- गाउँपालिकावासीमा सकरात्मक सोच र दृष्टिकोण

**२३)** प्रस्तुत गरिएका उद्धेश्यहरुको व्यवहारिक रुपान्तरणका लागि वजेटका निम्न प्राथमिकताहरु निर्धारण गरेको छु ।

## बजेटका प्राथमिकताहरुः-

कार्यक्रम तथा बजेट तयार गर्दा निम्न विषयलाई मुख्य प्राथमिकतामा राखिएको छ ।

- महामारी र संकटको सामना गर्ने, प्रतिरोधी क्षमता अभिवृद्धि,
- स्थानीय सरकारको शासन व्यवस्थापनमा सुशासनको प्रत्याभुति,
- नागरिकका आधारभुत आवश्यकताको परिपुर्ति,
- दिगो पुर्वाधार निर्माणबाट नागरिकहरुमा सहज सेवाको पहुँच वृद्धि,
- सडक, खानेपानी, सिंचाई, जलविद्युत जस्ता प्रमुख पुर्वाधार क्षेत्रको विकास
- आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिवी निवारणमा प्रत्यक्ष योगदान दिने विषयहरु,
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने विषयहरु,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा बढावा हुने विषयहरु,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने विषयहरु,
- महिला बालबालिका तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ पुग्ने विषयहरु,
- लैङ्गिक समानता र सामाजिक समाबेशिकरणलाई टेवा पुग्ने विषयहरु,
- दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने विषयहरु,

- शिक्षा, स्वास्थ्य लगायत समग्र सामाजिक समावेशिकरण र लैंगिक समानता जस्ता क्षेत्रको पुर्वाधार विकास,
- कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण, यान्त्रिकरण र व्यावसायिकीकरण
- पर्यटन तथा साँस्कृतिक पुर्वाधारको विकास तथा प्राकृतिक स्रोतसाधनको महत्तम र दिगो उपयोग तथा वातावरण संरक्षण, उद्योगको विकास र विपद् व्यवस्थापनमा शिघ्र सम्वोधन,
- वजेट कार्यान्वयनको क्षमता अभिवृद्धि,

**सभाध्यक्ष महोदय,**

अब म कार्यक्रम तथा बजेटमा समावेश गरिएका विषयगत क्षेत्रहरुअन्तर्गत का योजना तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु। गाउँपालाका प्रस्तुत चुनौती, उद्धेश्य र प्राथमिकताको आधारमा रहेर **कृषि, पर्यटन, पुर्वाधार र रोजगार : सुन्दर धवलागिरी समृद्धिको आधार** भन्ने नारालाई व्यवहारिक रुपान्तरण गर्न धवलागिरी गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## आर्थिक विकास

सबल सक्षम र समुन्नत धवलागिरीको विकासका लागि आर्थिक विकास अपरिहार्य हुन्छ आर्थिक विकासको मुख्य शिर्षकमा उद्योग तथा वाणिज्य, कृषि, पर्यटन, वित्तिय क्षेत्र र सहकारी रहेका छन। यस शिर्षकमा कुल रु २२ लाख असी हजार बजेट विनियोजन गरिएको छ।

## कृषि

कृषिको आधुनिकीकरणका लागि हाते ट्रयाक्टर वितरणका लागि ५० प्रतिशत अनुदानमा रु पाँच लाख विनियोजन गरेको छु।

पचाँस प्रतिशत अनुदानमा थ्रेशर मेससिन वितरणका लागि रु पाँच लाख विनियोजन गरेको छु।

कुटनी मिल वितरणको लागि आवश्यक बजेट विनियोजनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

सामुदायिक तथा निजी जडिबुटी खेती विस्तारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## पशु सेवा

पशुमा लाग्ने सरुवा रोग नियन्त्रण तथा व्यवस्थापन गर्न भेटेरेनरी औषधि खरिदका लागि रु पाँच लाख विनियोजन गरेको छु ।

पचास प्रतिशत  अनुदानमा वोयर बोका वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## पर्यटन

गाउँपालिका भित्र रहेका पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार तथा पर्यटन  विस्तारका लागि गाउँपालिका स्तरीय पर्यटन महोत्सव आयोजनाका लागि रु पाँच लाख विनियोजन गरेको छु ।

धवलागिरीमा आउने पर्यटनलाई अतिथी सत्कार गुणस्तरीय सेवा प्रदान गरी पर्यटनको दिगो विकास गर्न होमस्टे व्यवस्थापन तालिमको लागि रु पाँच लाख विनियोजन गरेको छु ।

पर्यटन सूचना बोर्ड निर्माणका लागि रु ३ लाख विनियोजन गरेको छु

पर्यटन क्याम्प देखि लम्सुङ मा. वि. सम्म घोडेटो बाटो निर्माणका लागि रु ४ लाख विनियोजन गरेको छु ।

## सभाध्यक्ष महोदय

## <u>सामाजिक विकास</u>

सामाजिक विकासको मुख्य शिर्षकमा खानेपानी तथा सरसफाई, लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य र संस्कृती प्रवर्द्धनका कार्यक्रमहरु समेटिएका छन । यस शिर्षकमा कुल रु. चार करोड सैतिस लाख तेह्र हजार आठ सय बीस रुपैँया बजेट विनियोजन गरिएको छ । जसअन्तर्गत :

## <u>शिक्षा</u>

न्यून ज्यालामा काम गर्दै आउनुभएका विद्यालय कर्मचारी र बालविकास सहजकर्ताहरुको तलब नेपाल सरकारले घोषणा गरेको न्यूनतम पारिश्रमिक  बराबर पुर्याउने उद्देश्यका साथ आवश्यक बजेट विनियोजन गरेको छु ।

अभिभावकलाई आर्थिक चपेटाबाट थौरै भएपनि मुक्ति दिलाउने उद्देश्यकासाथ शिक्षासँग आयआर्जन कार्यक्रमलाई प्राथमिकतामा राखि रु २८ लाख विनियोजन गरेको छु ।

एक पालिका एक प्राविधिक विद्यालयको अवधारणा अनुरुप छनौटमा परेको ताकम माध्यमिक विद्यालयको भौतिक पूर्वाधार र निर्माणको लागि रु १५ लाख विनियोजन गरेको छु ।

स्थानीय मौलिक भाषा, संस्कृती,कला ,तथा आर्थिक संभावनाको क्षेत्र समेटी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न रु पाँच लाख विनियोजन गरेको छु ।

कक्षा ८ को परीक्षालाई व्यवस्थित र तथ्यपरक बनाउनको लागि पालिका स्तरमा क्षेत्रगत रुपमा केन्द्राध्यक्ष तोकी परीक्षा सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

## स्वास्थ्य

धवलागिरी गाउँपालिकाका आम नागरिकको स्वास्थ्य सेवाको सुनिश्चित गरी औषधि व्यवस्थापनको लागि ससर्त सहित रु १८ लाख रुपैया विनियोजन गरेको छु ।

कोभिड १९ का कारण उत्पन्न परिस्थिको सामना गर्न स्थानीय तहमा पाँच शैयाको अस्थाइ अस्पताल गत आ .व. देखि सञ्चालनमा आएको र सो अस्पतालमा विशेषज्ञ शेवा प्रदान गर्दै आएका डाक्टरको सेवालाई निरन्तरता दिईएको छ ।

ताकममा सञ्चालित ल्यब सेवालाई गुणस्तरीय, भरपर्दो र सेवामुखी  बनाउन आवश्यक ल्याव सामग्री खरिदका लागि रु ४ लाख विनियोजन गरेको छु ।

यसै आ.व बाट सञ्चालित नागरिक आरोग्य केन्द्रमा औषधि व्यवस्थापनको लागि रु तीन लाख व्यवस्थापन गरेको छु ।

सुनौलो  हजार दिनका आमासँग अध्यक्ष कार्यक्रम, VIA सिविर सञ्चालन, सुरक्षित गर्भपतन सेवा विस्तार लगाएतका कार्यक्रम लाई यस आ.व.मा पनि निरन्तरता दिइएको छ ।

स्वास्थ्य संस्थाबाट पप्रदान गरिने सेवा हरुलाई गुणस्तरीय र प्रविधिमैत्री बनाउन कम्प्युटर प्रिन्टर खरिदका लागि रु ६ लाख विनियोजन गरेको छु ।

**खनेपानी तथा सरसफाइ**

खाम्ला खनेपानी एक घर एक धारा निर्माणका लागि रु ४ लाख विनियोजन गरेको छु।

नाउरा खानेपानी एक घर एक धारा निर्माणका लागि रु तीन लाख पचास हजार विनियोजन गरेको छ।

चेचुङ खानेपानी निर्माणका लागि रु तीन लाख पचास हजार विनियोजन गरेको छु

वयसधारा ढल निकास योजनाका लागि रु पाँच लाख विनियोजन गरेको छु।

मुदी सिम्पाटा ढल निकास योजनाको लागि रु चार लाख विनियोजन गरेको छु।

**खेलकुद**

धवलागिरी गाउँपालिकाको सान राष्ट्रिय खेलाडी उत्पादन भन्ने नारालाइ साकार पार्न ससर्त सहित रु ३ लाख विनियोजन गरेको छु।

भुमे आधारभुत विद्यालय खेल मैदन निर्माणका लागि रु पाँच लाख विनियोजन गरेको छु।

खोरिया खेलमैदान निर्माणका लागि रु तीन लाख विनियोजन गरेको छु।

मलम्पार खेल मैदान निर्माणका लागि रु २ लाख विनियोजन गरेको छु

एक वार्ड एक खेल मैदान निर्माणको लागि वडा नं. ४ मुदीमा रु दश लाख विनियोजन गरेको छु।

**लैङ्गिक समानता सामाजिक समावेशीकरण**

उमेर सान्दर्भिक विवाहसँग उपाध्यक्ष कार्यक्रमको लागि रु पाँच लाख विनियोजन गरेको छु।

विभेदरहित समाज निर्माणमा दलितहरुको भूमिका कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ग र घ वर्गका अपाङ्गहरु तथा सामाजिक सुरक्षा भत्ता नखाने एकल महिलाहरुको जीविकोपार्जन कार्यक्रम सञ्चालनको लागि रु ६ लाख तीस हजार विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

## पूर्वाधार विकास

यस क्षेत्र अन्तर्गत उर्जा, भवन तथा सहरी विकास, वैकल्पिक उर्जा र सञ्चार, सडक तथा अन्य पुर्वाधारका क्षेत्रहरु समेटिएका छन। यस शिर्षकमा कुल रु सात करोड बयानब्बे लाख पचास हजार विनियोजन गरिएको छ। जसअन्तर्गत :

गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र नागरिकमैत्री बनाउने उद्देश्यका साथ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु एक करोड बजेट विनियोजन गरेको छु।

लुलाङ सामुदायिक भवन निर्माणको लागि रु १८ लाख बजेट विनियोजन गरेको छु।

प्रशासनिक भवन डिपिआर गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

जेष्ठ नागरिकको सम्मान गर्दै जेष्ठ  नागरिक कल्याण केन्द्र भवन निर्माणको लागि रु दश लाख रुपैया बजेट विनियोजन गरेको छु।

दलित समुदायको हक हित र उत्थानको लागि राम्चे र सिवाङमा दलित भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

मुना बिच बाटो विस्तारको लागि रु १६ लाख रुपैँया बजेट विनियोजन गरेको छु।

नागरिकलाई आवागमनमा सहज पहुँच पुर्याउने उद्देश्यका साथ धवलागिरी गाउँपालिकाको वडा नं. ६ राम्चे, बुल मोटरबाटो निर्माणका लागि रु १० लाख रुपैया विनियोजन गरेको छु।

दर देखि थलडाँडा सम्म गोरेटो बाटो निर्माणको लागि रु दश लाख रुपैया विनियोजन गरेको छु।

**सभाध्क्ष महोदय,**

## वन वातावरण तथा विपद व्यवस्थापन

यस क्षेत्रमा वन तथा वातावरण विपद व्यवस्थापन प्रकोप व्यवस्थापन, राहात, उद्दार, पुनर्स्थापना, वातावरण संरक्षण र दिगो विकास लगाएतका कार्यका लागि  रु.एब करोड बाइस लाख विनियोजन गरेको छु।

जसअन्तर्गत :

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ का कारण जनजीवन प्रभावित हुँदै गएको हुँदा यसको सम्भावित जोखिम न्यूनीकरण गर्नको लागि कार्ययोजना बनाइ कार्यान्यवयन गर्ने गरी विपद व्यवस्थापन कोषमा रु एक करोड विनियोजन गरेको छु ।

समुदाय तथा विभिन्न कल्वहरुको सहकार्यामा सडकको छेउछाउमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी हरित सडक निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

प्राकृतिक विपदका कारण निम्तने बाढी पहिरो तथा नदीजन्य कटान बाट हुने क्षती न्यूनीकरणका लागि ग्याविन जाली खरिदका लागि रु दश लाख विनियोजन गरेको छु ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासन**

यस क्षेत्रमा अभिलेख व्यवस्थापन, नागरिक वडापत्र, मानव संसाधन विकास, सुचना प्रविधि, सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, आन्तरिक तथा अन्तिम लेखापरीक्षण, न्यायिक समिति व्यवस्थापन, राजश्व परिचालन, संस्थागत क्षमता विकास, पुँजीगत सम्पतीको सञ्चालन र सम्भार, कार्यालय सामान तथा सेवाहरु, सेवा तथा परामर्श, कार्यक्रम सम्बन्धी खर्चहरु, अनुगमन / मुल्याङ्कन र भ्रमण अन्तर्गत हुने खर्चहरु, स्थिर सम्पतिको उपभोग खर्च, सेवा शुल्क आदि समेटिएका छन । यस शिर्षकमा कुल रु. आठ करोड छयत्तर लाख छ हजार विनियोजन गरेको छु ।

गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र नागरिकमैत्री बनाउने उद्देश्यका साथ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु. एक करोड बजेट विनियोजन गरेको छु ।

वडा कार्यालय डिजिटल नागरिक वडापत्र, ई एटेन्डेन्स जडान तथा खरिदका लागि रु. पाँच लाख विनियोजन गरेको छु ।

सार्वजनिक सुनुवाइ तथा विविध सिविर सञ्चालनको लागि रु. १२ लाख विनियोजन गरेको छु ।

प्रत्येक वडामा इन्टरनेट सेवालाई गुणस्तरीय र भरपर्दो बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

कर्मचारीको क्षमता अभिवृद्धि तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था सँग सहकार्यमा गाउँपालिकाको पूर्वाधार विकासका लागि चालु आ. व.मा खर्च हुन नसकेको  रकमबाट समपूरक कोषमा बजेट सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।

## अन्य तर्फ

यस विषय क्षेत्र अन्तर्गत सामाजिक सुरक्षा सशर्त अनुदानबाट प्राप्त चालु खर्च गरी रु.२५७९०००००/- (२५ करोड उनानसी लाख) खर्च हुने अनुमान गरेको छु।

| क्र स | क्षेत्र | व्यय |
|---|---|---|
| १ | आर्थिक विकास | २२८००००/- |
| २ | सामाजिक विकास | ४३७१३८२०/- |
| ३ | पूर्वाधार विकास | ८४७०००००/- |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ७९२५००००/- |
| ५ | सुशासन तथा संस्थागत विकास | ८७६०६०००/- |
| ६ | सामाजिक सुरक्षा | ८०००००००/- |
| ७ | सशर्त तर्फ | १७७९०००००/- |

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ ब मा गाउँपालिकाको अनुमानित आय प्रसतुत गर्न चाहन्छु।

आगामी आ.ब. मा संघीय सरकारबाट वित्तिय समानीरण अनुदान अन्तर्गत रु.७८००००००।– (सात करोड असी लाख ), राजस्व बाँडफाँड अन्तर्गत रु.८२७४२०००।–( आठ करोड सत्ताइस लाख बयालीस हजार ), सशर्त अनुदान अन्तर्गत रु.१७७९०००००।– (सत्र करोड उनान्असी लाख ) विशेष अनुदान अन्तर्गत रु.१४१०००००।–( एक करोड एकचालीस लाख), र समपूरक अनुदान बापत रु. ९९०००००।– ( उनान्सय लाख ) गरी कुल ३६ करोड २६ लाख बयालिस हजार प्राप्त हुने अनुमान गरेको छु।

प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान अन्तर्गत ८१ लाख ७४ हजार, सवारी साधन कर बापत ४४ लाख ८८ हजार, ससर्त अनुदान अन्तर्गत ५० लाख र समपुरक अनुदान अन्तर्गत रु पचास लाख गरी २ करोड २६ लाख ६२ हजार प्राप्त हुने अनुमान गरेको छु। आन्तरिक आय तर्फ रु २३ लाख सङ्कलन हुने अनुमान गरेको छु।त्यसै गरी चालु आ. व. मा रु १ करड ६८ लाख ९५ हजार ८ सय बीस मौज्दात रहने अनुमान गरेको छु। सामाजिक सुरक्ष तर्फ रु.८ करोड विनियोजन गरेको छु।

| क्र सं. | अनुदानको किसिम | रकम |
|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | ७८००००००/- |
| २ | राजस्व बाँडफाँड(संघीय सरकार) | ८२७४२०००/- |

| | | |
|---|---|---|
| ३ | सशर्त अनुदान (संघीय सरकार) | १७७९००००००/- |
| ४ | विशेष अनुदान (संघीय सरकार) | १४१००००००/- |
| ५ | समपूरक अनुदान (संघीय सरकार) | ९९००००००/- |
| ६ | वित्तीय समानीकरण अनुदान (प्रदेश सरकार) | ८१७४०००/- |
| ७ | सवारी साधन कर बाँडफाँड | ४४८८०००/- |
| ८ | सशर्त अनुदान (प्रदेश सरकार) | ५००००००/- |
| ९ | समपूरक अनुदान (प्रदेश सरकार) | ५००००००/- |
| १० | चालु आ.व को मौज्दात | १५३४५८२०/- |
| ११ | सामाजिक सुरक्षा | ८००००००००/- |
| १२ | आन्तरिक आय | २३००००००/- |
| | **कुल आय** | **४८२९४९८२०/-** |

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७८/७९ को लागि राजस्व नीति  प्रस्तुत गर्न चाहान्छु।

स्थानीय सरकारको क्षेत्रभित्रका करको दायरा फराकिलो पार्दै आन्तिरक आय वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु।

गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोतहरु रोडा ढुङ्गा गिटी बालुवा खनिज लगाएतका दहत्तर बहत्तर शुल्क विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट सङ्कलन गरी ग-४-२ बाँडफाँड खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषको खातामा जम्मा हुने प्रावधानलाई प्रभावकारीर रुपमा सञ्चालन गरिनेछ।

आर्थिक रुपमा विपन्न, असहाय, प्रकोप पिडित, विपन्न छात्रवृत्ती, विपन्न नि:शुल्क उपचार सम्बन्धी सिफारिस दस्तुर छुट गरिनेछ।

कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक २०७८ यसै साथ प्रस्तुत गरेको छु कर सम्बन्धि प्रस्ताव सम्मत २०७८ साल साउन १ गतेबाट लागु हुने व्यवस्था मिलाएको छु

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्य ज्यूहरु ,**

यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु,विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी,निजी क्षेत्र, नागरिक समाजका व्यक्तित्वहरु तथा पत्रकार जगत बाट प्राप्त सुझाव,सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीबाट स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण दीदिबहिनी तथा दाजुभाइहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड १९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनुभएका म्याग्दीवासीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

कोभिड १९ को महामारीबाट धवलागिरी गाउँबासीहरु सुरक्षित रहन आगामी दिनमा गाउँ सरकारले चाल्ने हरेक कदममा निरन्तर साथ र सहयोग पाइरहने विश्वास लिएको छु । यो संकटको घडीमा एकजुट भइ महामारीको रोकथाम,नियन्त्रण र उपचारको कार्यमा खटिनुहुने स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,स्वयमसेवक र राष्ट्रसेवक कर्मचारीको योगदानको उच्च प्रशंसा गर्दै जनप्रतिनिधी, राजनीतिक दल,सञ्चारकर्मी, उद्योगी व्यवसायी आदि सबैलाई धन्यवाद दिदै निरन्तर सहयोगको अपेक्षा राख्दछु ।

यो बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै मुलुक भित्र र बाहिर रहनुभएका सबै नेपालीलाई समृद्ध धवलागिरी,सुखी धवलागिरीवासी निर्माणमा हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आव्हान गर्दछु ।

**धन्यवाद**

**प्रस्तुतकर्ता**

**रेशम छन्त्याल**

**गाउँपालिका उपाध्यक्ष**

**मिति:२०७८/०३/०९**

**स्थान : गाउँपालिका सभाहल मुना, म्याग्दी**